७। पहिलो चरणमा नगरक्षेत्रका १००० जना कृषकहरुको पहिचान सहित तथ्यांक संकल्न गरी किसान परिचय पत्र वितरण कार्य गरिनेछ ।

८। कृषि तथा पशु पक्षी फर्म संचालन गरी जिविको पार्जन तथा रोजगारी सृर्जना गर्न ईच्छुक युवाहरुलाई विशेकष अनुदान र बैंक तथा वित्तिय संस्थाहरुबाट सहुलियत पुर्ण लोनको व्यवस्था मिलाउन सहयोगार्थ भुमिका नगरपालिकाले नर्वाह गरिनेछ ।

९। गत बिगतको भन्दा किसानलाइ सहज र सुलभ तरिकाले मलखाद , उन्नत विउबिजन , बिषादी ,कृषि यन्त्र उपकरण र प्रबिधिक तथा व्यवसायिक तालिम उपलब्ध गराउन बिशेष पहल र सहजिकरण गरिनेछ ।

१०। यस न.पा. को मुख्य खाद्य बालीको रुपमा रहेका धान र गहु बालीको उत्पादन अभिबृद्धी गर्नको लागी उन्नत जातका बिउ सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

११। न पा को प्रत्येक वडाहरुमा पशुपालक किसानहरुको सेवा सुबिधाको लागी पशु धनमा हुन सक्ने भ्यागुते रोग , खोरैत रोग , लम्की स्किन रोग लगायतका सम्पूर्णको रोकथाम गर्न निशूल्क औषाधी सहित पशु प्राबिधिक टोली परिचालन गरिनेछ ।

१२। आ.व.२०८०/०८१ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई यस आ.व.मा पनि निरन्तरता दिइनेछ ।

१३। गँहु उत्पादनलाईं प्रवर्द्धन गर्न किसानहरुलाई ५०% अनुदानमा दिदै आएको अनुदानमा आधारित गँहु बीउ वितरण कार्यक्रमलाई यस आ.व.मा पनि निरन्तरता दिईनेछ ।

१४। यस न. पा.मा आ.व.२०८१।०८२ मा उखु किसानहरुलाई उखु उत्पादन अभिबृद्धि गर्न उखु विकास पकेट कार्यक्रम संचालन गरिनेछ ।

१५। चैते धान तथा रैथाने खेती गर्ने कृषकलाई खेती गरेको क्षेत्रफलको आधारमा विशेष प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

१६। रसायनिक मल खाध तथा बिषादीको प्रयोगमा कमी ल्याउन जैबिक बिषादीको प्रयोग प्राङ्गारिक मल कम्पोष्ट मल जैबिक मल प्रयोग गर्न कृषकहरुलाइ प्रशिक्षण तथा प्रोत्साहन गरिनेछ ।

१७। नगरपालिका क्षेत्र भित्र कृषि उपजलाइ बृद्धि गर्न नहर नाला डिप बोडिङ्ग जडान गरी सिचाइ उपलब्ध गराउनेछ ।

१८। कृपि सिचाइ र विधुतलाइ उच्च प्राथमिकतामा राखी प्रति वडाको लागी रु ३ लाख दरले जम्म रु ३६ लाख विनियोजन गरेको छु ।

**स्वास्थ्य तथा जनसंख्या नीति :**

१। मातृ मृत्युदर शुन्यमा झार्न हरेक गर्भ इच्छित र हरेक शिशुको जन्म सुरक्षित बनाउन गरिने कार्यक्रमहरुलाइ निरन्तरता दिइनेछ ।

